# वर्तमान सरकारबाट वर्ष दिनमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

## १. नीतिगत तथा कानूनी व्यवस्था

- राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ स्वीकृत ।
- राष्ट्रिय पशु प्रजनन नीति, २०७८ स्वीकृत ।
- राष्ट्रिय मत्स्य विकास नीतिको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको।
- खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७९ विधायन समितिमा छलफल भई राष्ट्रिय सभामा पेश।
- कार्य विस्तृतीकरण प्रतिवेदनलाई परिमार्जन गर्न मस्यौदा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा पठाईएको ।
- पशु कल्याण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरिएको।
- पशु संक्रामक रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरिएको।
- कृषि व्यवसाय प्रवर्द्धन विधेयकको मस्यौदा कानुन आयोगमा छलफल भई अघि बढेको ।
- बीउ वीजन ऐन २०४५ लाई संशोधन गर्न बनेको विधेयक सम्माननीय राष्ट्रपतिद्वारा प्रमाणीकरण ।
- विरुवा संरक्षण ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयक सम्माननीय राष्ट्रपतिद्वारा प्रमाणीकरण ।
- बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ स्वीकृत ।
- जातीय अनुसन्धान तथा परीक्षणका लागि प्रथम पटक निजी क्षेत्रलाई स्वीकृति प्रदान (३ वटा कम्पनिले स्वीकृति प्राप्त )।
- नेपालमा व्यवसायिक रुपमा उत्पादन गरिएको हेलेजको (घाँसबाट तयार पारिएको) अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तर तथा निर्यात प्रवर्द्धन गर्न दुबै मुलुकको समन्वयमा तयार गरिएको प्रोटोकल सहमतिको लागि चीनिया पक्षलाई प्रस्ताव गरिएको।

## २. विभिन्न बाली/वस्तुको मूल्य निर्धारण

- **धानः**
  - ✓ चालु आ.व. २०७८/७९ को लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु. २७५२ र मध्यम धानको मूल्य रु २९०२ निर्धारण गरिएको।
  - ✓ कृषकहरुबाट धान खरिद गरिने कार्यलाई सुनिश्चित गर्न कृषक समुह/सहकारीलाई सूचीकृत गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई निर्देशन दिइएको।
  - ✓ चालु आ.व. २०७८/७९ मा न्यूनतम समर्थन मूल्यमा सहकारीहरुबाट ८०९२.७१ मे.टन धान खरिद भएको।

- **उखु**
  - ✓ उखु कृषकको बृहत्तर हितका लागि गत बर्षको तुलनामा उखुको न्यूनतम खरिद मूल्यमा ८.४५ प्रतिशतले बृद्धि गरी रु. ५९०।- प्रति क्विन्टल निर्धारण गरिएको।

- ✓ निर्धारित मूल्यको आधारमा गत आ.व २०७७/७८ को लागि ८ जिल्लाका उखु कृषकलाई उखु प्रवर्द्धन खर्च बापत रु. ७७ करोड ५६ लाख सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत भुक्तानी गरिएको (९९ प्रतिशत भुक्तानी भइसकेको)।
- ✓ मन्त्रालय, कृषक/मिल सञ्चालक समेतको प्रतिवद्धता अनुरुप क्रसिङ्ग भएको उखुको सोहि आ.व. मा भुक्तानी कार्य सुरु भई यस आ.व. २०७८/७९ मा क्रसिङ्गको विवरणको आधारमा ४ वटा जिल्लाका कृषकहरुलाई थप ३२ करोड कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत उपलब्ध गराइएको ।

- **कफी**
  - ✓ कफीलाई गुणस्तरका आधारमा बर्गीकरण तथा कृषकको मुनाफा सुनिश्चित हुने गरी बर्गीकरणको आधारमा प्रति केजी रु. ८० देखि ४५० सम्म मूल्य निर्धारण गरिएको।
- **कच्चा दूध**
  - ✓ कच्चा दूधको प्रति एकाइ फ्याट रु. ६।८१ र प्रति एस.एन.एफ एकाइ रु. ३।६० को दरले ४ एकाइ फ्याट र ८ एकाइ एस.एन.एफ भएको कच्चा दूधको प्रति लिटर किसानले प्राप्त गर्ने न्यूनतम मूल्य रु.५६।०४ निर्धारण गरिएको ।
  - ✓ किसानले न्यूनतम मूल्य प्राप्तिको सुनिश्चितताका लागि अनुगमन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डलाई निर्देशन गरिएको।
  - ✓ ६९ वटा दुग्ध सवारी साधनमा प्रतिक चिन्ह लोगो प्रदान गरिएको जसबाट दुग्ध ढुवानीमा सहजता भएको।
  - ✓ तीन वटा (काठमाडौं, हेटौडा, लुम्बिनी) १ टन क्षमताका Refrigerated van दुध तथा दुग्ध पदार्थको गुणस्तर कायम राखी बजारीकरणको लागि खरिद गरि संचालनमा ल्याएको।

### ३. बेमौसमी वर्षा प्रभावित कृषकहरुलाई राहत समन्वय

- २०७८ असोज ३१ गतेदेखि विभिन्न भागमा भएको बेमौसमी वर्षाबाट प्रभावित कृषकहरुलाई राहत प्रदान गर्न विधि निर्माण गरि गृह मन्त्रालयमार्फत कार्यान्वयनमा आएको।
- प्रमाणीकरण भएका विवरणका आधारमा विभिन्न जिल्लामा अर्थ मन्त्रालयवाट १ अर्व निकासा भएको ।

### ४. रासायनिक मल आयात र बिक्री वितरण

- यस अवधिमा २ लाख ६४ हजार मे.टन मल आयातको समझौता भए बमोजिममा १ लाख ९१ हजार ५ सय मे.टन रासायनिक मल आपुर्ति गरिएको र गत वर्षको मौज्दात समेत गरी २ लाख १८ हजार मे.टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको।
- सरकारदेखि सरकारसम्म (G to G) विधिवाट भारत सरकारसंग आगामी ५ वर्षका लागि वार्षिक करिब १ लाख ५० हजार मे.टन देखि २ लाख १० हजार मे.टन सम्म मल आपूर्तिका लागि २०७८ फाल्गुन १६ गते (MoU) मा हस्ताक्षर भइ खरिद प्रकृयामा रहेको ।अन्य सम्भावित मुलुकहरुसंग मल खरिदका लागि सम्वाद भईरहेको।

- रासायनिक मलको समस्याको दीगो समाधानका लागि नेपालमा नै रासायनिक मल उत्पादन कारखाना स्थापनाका विभिन्न विकल्पहरुवारे यस मन्त्रालयले उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, राष्ट्रिय योजना आयोग सहित सम्वन्धित सरोकारवालाहरुसंग छलफल गरि लगानी वोर्डसंग समन्वय गरेको।
- रासायनिक मल नियन्त्रण आदेश, २०५५ अनुरुप Nano urea Liquid fertilizer लाइ अनुसूचीमा समावेश गरी पैठारी भईरहेको ।

**५. गुणस्तर नियमन**

- खाद्य ऐन, २०२३ बमोजिम ३,८९५ वटा खाद्य वस्तुका नमूना परीक्षण गरिएको।
- भन्सार विन्दुमा खाद्य आयात भएको र निर्यात गरिने खाद्य वस्तुको गुण प्रमाणीकरण ४९,९५० पटक गरिएको।
- तरकारी तथा फलफुलमा रहन सक्ने विषादी अवशेषको ७ वटा नाकाहरुमा रहेका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका निकायबाट नियमित परीक्षण हुने व्यवस्था मिलाइएको (चालु आ.व मा ६६६० वटा नमुना परीक्षण गरिएको)।
- तयारी दाना, दानाको कच्चा पदार्थ, फिड सप्लिमेन्ट र घाँसका ४११६ नमूना सङ्कलन तथा परीक्षण गरिएको।
- पशु वस्तुको दाना र मानिसले उपभोग गर्ने दूधमा युरियाको अवशेषको परीक्षण गर्ने क्षमता विकास गरिएको।
- नेपालमा व्यावसायिक चल्ला उत्पादनका लागि बीउ पन्छी (प्यारेन्ट, ग्रायन्ड प्यारेन्ट) का ७,८१,७५८ वटा चल्ला आयातको सिफारिस दिइएको।
- खाद्य ऐन, २०२३ बमोजिम संकलित नमुना मध्ये ७१ वटा प्रतिकुल नमुना उत्पादन गर्ने फर्म हरुमाथि मुद्धा दायर गरिएको।

**६. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ**

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न वाली र वस्तुका ७१ वटा जोन र २३२० वटा उत्पादन पकेटहरु( कृषि १५०६ पशुपन्छी ८१४) निर्धारण गरि कार्यक्रम सञ्चालन भएको।
- ११११ हेक्टर क्षेत्रफलमा चक्लाबन्दी खेती कार्यक्रम संचालन भएको ।
- १४ वटा कस्टम हायरिङ्ग र २ वटा पोष्ट हार्भेष्ट सेन्टर स्थापना भएको।
- ४४२ जना कृषि स्नातकका विद्यार्थीहरुलाई कृषि ईन्टर्नका रुपमा परिचालन गरिएको।
- ३५ वटा विभिन्न प्राविधिक शिक्षालय सँग समन्वय भई पढाउँदै कमाउँदै कार्यक्रम संचालन गरिएको।

**७. प्रबिधि सम्प्रेषण**

- डिजिटल प्रविधिमार्फत बीउ वीजन उत्पादन, बिक्रि वितरण, आपूर्ति र व्यवस्थापन कार्यको सुरुवात गरिएको।
- २४९५ जना कृषकलाई कृषि प्रविधि एवं जलवायु सम्बन्धी १९ लाख ९८ हजार ६ सय SMS मार्फत सूचना प्रवाह गरिएको।

- धानका ६ जातहरु 'खुमल बासमती १६, हर्दिनाथ-४, हर्दिनाथ-६, गंगा सागर-१, गंगा सागर-२, घैया-३ उन्मोचनका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको ।
- चौमासे सिमीको १ जात दर्ताको लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको ।
- भन्टाको जात परवानीपुर सेलेक्सन-१ पंजीकरणको लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको ।
- मकैका वर्णसङ्कर जातहरुः रामपुर हाईब्रिड १२, रामपुर हाईब्रिड १४, रामपुर हाईब्रिड १६ उन्मोचनका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको ।
- काक्रोको २ वर्णसङ्कर जातहरु पञ्जीकरणका लागि राष्ट्रिय बीउ विजन समितिबाट पास भएको ।
- भैंसीको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने राष्ट्रिय अभियानमा सहयोग पुर्याउन वि.सं. २०७८ कार्तिक ८ देखि १२ गतेसम्म "खाद्य सुरक्षा तथा जिविकोपार्जनका लागि भैंसी उत्पादन" भन्ने नाराका साथ एसियास्तरको दशौं एसियन बफेलो कन्ग्रेस सम्पन्न गरिएको।
- रैथाने पशुबस्तुका ६ बिभिन्न प्रजातिका १८ जात (गाईका ४, भैंसिका ३, बाख्राका ३, भेडाका ३, कुखुराका ३ र सुंगुरका २) को **जिवित जिन बैंकको अवधारणा अन्तर्गत संरक्षण तथा प्रवर्धन** भैरहेको साथै बिभिन्न स्थानीय तथा उन्नत पशुबस्तुको विर्य जिन बैंकमा सुरक्षित राखि उपयोग भईरहेको ।

## ८. नस्ल सुधार

- ६ लाख ४० हजार गाई भैंसीमा कृत्रिम गर्भाधान गरिएको।
- उन्नत नस्लका गाई, भैसीं, बाख्रा, र बंगुरबाट ६ लाख ५९ हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण भएको।
- ३ करोड ५१ लाख ३६ हजार माछामा भुरा उत्पादन तथा वितरण भएको।
- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको सहयोगमा पशु नश्ल सुधार कार्यक्रम संचालनको लागि अमेरिकाबाट शुद्ध नश्लका जर्सी र होलस्टीन साँढे आपूर्ति गरिएको।

## ९. खोप उत्पादन तथा व्यवस्थापन

- पशुपन्छीका विभिन्न संक्रामक रोगहरु विरुद्ध प्रयोगका लागि १३ प्रकारका ५ करोड १७ लाख मात्रा खोप उत्पादन तथा वितरण भएको।

## १०. पशुपन्छी, मत्स्य तथा वाली बिमा

- पशुपन्छी तथा मत्स्य बिमा प्रिमियमको अनुदान बापत् २४ करोड भुक्तानी गरी करिब ३९ अर्ब रकम बराबरको बाली तथा पशु वस्तुको सुरक्षण गरिएको।

## ११. पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको निर्यात प्रवर्द्धन

- नेपालमा दुधबाट उत्पादित २ अर्ब ५८ करोड रुपैयाँ बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकहरुमा निर्यात भएको।

## १२. कृषि पूर्वाधार विकास

- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न चालु आ.व.मा १३ खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार सहयोगका लागि सशर्त बजेट हस्तान्तरण भएको।

- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाबाट रत्ननगर, चितवनमा पशु हाटबजार निर्माण गरिएको।
- रुपन्देहिको कर्साघाटमा आधुनिक कृषि बजार निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरिएको।
- तराईका विभिन्न ८ जिल्लामा डिप ट्यूववेल निर्माण भई थप १००० हे.मा सिंचाई सुविधा विस्तार भएको।

**१३. किसान सुचिकरण**

हालसम्म ६ लाख ५० हजार किसान परिवार सुचिकरण गरिएको।

**समग्रमा यस मन्त्रालयको वित्तीय प्रगति करिब ७६ प्रतिशत रहेको।**